# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१।०८२
चलानी नं. : ६५०

मिति : २०८१/११/०१

**विषय : राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

श्री सार्वजानिक तथा निजी (शैक्षिक गुठी समेत) माध्यमिक विद्यालयहरु, सबै,
क्षीरेश्वरनाथ नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा क्षीरेश्वरनाथ नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८१।१०।३० गतेको निर्णयानुसार चालु शैक्षिक सत्रमा यस **क्षीरेश्वरनाथ नगरपालिका स्तरीय सातौं अन्तर विद्यालय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, २०८१** तपसिलको स्थान र मितिमा संचालन गर्ने निर्णय भएको हुँदा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन निर्देशिका, २०७० (संशोधन सहित) अनुसार तपसिलमा उल्लेखित खेलहरुमा तहाँ विद्यालयमा नियमित रुपमा अध्ययनरत इच्छुक विद्यार्थी खेलाडीहरुलाई सहभागी गराइदिनु हुन अनुरोध छ ।

**तपसिल**

**स्थान :** श्री क्षीरेश्वर जनता माध्यमिक विद्यालयको खेल मैदान, महेन्द्रनगर, धनुषा
**मिति :** २०८१।११।०८ गते देखी १० गतेसम्म
**उद्घाटन सत्र :** विहान ११:०० वजे
**मार्चमास :** विहान ८:३० वजे

**समावेश गरिने खेलहरु :**
१. **भलिबल :** छात्र तथा छात्र : ७।७ जना
२. **कबड्डी :** छात्र तथा छात्र : १०।१० जना

३. **एथ्लेटिक्स :**
(क) **दौड (ट्रयाक तर्फ) :** १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले ४×४०० मि. रिले **(छात्र/छात्रा दुबै)**

(ख) **उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ** :- हाईजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङग थ्रो (छात्र : ८०० ग्राम र छात्रा : ६०० ग्राम), संटफुट (छात्र : १२ पाउण्ड र छात्रा : ८ पाउण्ड) **(छात्र/छात्रा दुबै)**

**खेलका नियमहरु :**
१. प्रत्येक विद्यालयबाट खेलाडी सहभागी गराउँदा १ फिल्ड २ ट्रयाक, २ फिल्ड १ ट्रयाक हुनुपर्नेछ भने यो नियम रिले दौडमा लागु हुने छैन ।
२. खेलाडी सहभागी गराउँदा अध्ययनरत कक्षा खुल्ने गरी जन्मदर्ताको प्रमाणपत्र सहित तोकिएको फाराम भरी **मिति २०८१ फाल्गुन ०५ गते** कार्यालय समय भित्र Email वा Whats app मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा विद्यालयको सहभागी पत्र र फाराम दर्ता गराईसक्नु पर्नेछ । निर्धारित समयमा विद्यार्थी विवरण सहितको फाराम प्राप्त नभएमा प्रतियोगितामा सहभागी गराइने छैन् ।

२०८१/११/०१
दिपक शास्त्री
शिक्षा अधिकृत



CamScanner

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१।०८२
चलानी नं. : ६५०

३. खेलाडीहरु अनिवार्य रुपमा ड्रेसमा उपस्थित हनुपर्नेछ ।

४. खेलाडी कक्षा-१२ सम्म नियमित रुपमा (विद्यालय संचालन भएको दिन मध्ये कम्तिमा ७० प्रतिशत उपस्थिति हाजिरी भएका) अध्ययनरत १८ वर्ष भन्दा कम उमेर (१७ वर्ष ११ महिना २९ दिन सम्मको) समूहको हुनु पर्नेछ ।

५. भलिबल खेल नक आउटको आधारमा खेलाइने छ ।

६. खेल सम्वन्धि कुनै उजुरी गर्नुपरेमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० को अनुसूची ९ को ढाँचामा सप्रमाण खेल सकिएको आधा घण्टा भित्र तोकिए अनुसारको दस्तुर सहितको निवेदन आयोजक समक्ष पेश गर्नु पर्ने छ ।

७. विद्यार्थी खेलाडीहरु तोकिएको समयमा मार्चपासमा विद्यालयको खेल शिक्षक वा प्रतिनिधिको साथमा अनिर्वाय रुपमा विद्यालय पोसाकमा विद्यालय ब्यानर सहित अनिवार्य रुपमा सहभागी हुनु पर्नेछ ।

८. अन्य नियमहरु राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन निर्देशिका, २०७० (संशोधन सहित) तथा प्रचलित नियमानुसार हुनेछन् ।

९. प्रतियोगिता संचालनमा आयोजक तथा संचालकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

२०८१।११।०१

............................
शिक्षा अधिकृत

दिपक साह
शिक्षा अधिकृत

**बोधार्थ**

श्री क्षीरेश्वर जनता मा.वि. महेन्द्रनगर, धनुषा :- आवश्यक सहयोग र समन्वय गरिदिनु हुन ।

श्री जिल्ला खेलकुद विकास समितिको कार्यालय, धनुषा ।



CamScanner